# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २९ गते ०९ साल

## भाग ३

## सिभिल सप्लाइज विभागको सूचना

भारतबाट कोटाको रुपमा दिइएको सामानहरू पैठारी गर्नानिमित्त होल-सेलरहरू नियुक्त गर्ने विषयमा यस विभागबाट प्रकाशित भएका सूचनानुसार परेको दरखास्तहरूबाट सन् ५२ को दोस्रा पीरियडदेखि ५३ सन्का पैला पीरियडसम्मको आउनेफलाम कर्कटपाता झिकाउन होलसेलर नियुक्त भइसकेको र हाल दोस्रा तेस्रा चौथा पीरियडको आउने फलाम कर्कटहरूको लागि पनि विभिन्न ठाउँहरूको लागि होलसेलरहरू नियुक्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गर्नें काम भएको छ। उक्त सामानहरू हिन्दुस्थानबाट झिकाई विभिन्न ठाउँहरू मा पैठारी गरी सरकारी अडर पुर्जीबमोजिम गरी काम गर्न इच्छा हुने उमेदवारहरूले आगामी माघ मसान्तभित्रमा यस विभागमा दाखिल हुने गरी पाएसम्म ग. फाराममै भरी र फाराम नपाएमा सोबमोजिम अरू कागजमा लेखी दरखास्त दस्तुरबापत रु. १० दशसमेत साथ राखी यस विभागमै आई दर्ता गराउने वा हुलाकद्वारा रजिष्टरी गरी पठाए पनि हुन्छ। सोबमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आएको दरखास्तहरू मध्येबाट विभिन्न ठाउँहरूको लागि होलसेलर नियुक्त हुनेछ दरखास्तसाथ आएको रुपैयाँ काम पाए पनि नपाए पनि फिर्ता हुनेछैन। लेखिएको म्यादपछि आएको बेरीतको दरखास्तबाट केही कारवाई हुनेछैन।

डाइरेक्टर, सिभिल सप्लाइजविभाग.

## सूचना

निम्न लेखिएका साहू महाजनहरूलाई सन् ५२ को निम्न लिखितबमोजिम- को धागो गाँठ एक्सपोर्ट बेसिसमा झिकाउन पाउने इजाजतपत्र दिने ठहरिएकोले सुचित गर्ने काम भएको छ। अघि प्रकाश भएको होलसेलरको सुचनामा लेखिएबमोजिम को नियम रूल र कमीशन इत्यादिमा काम गर्न मन्जुर हुनेले प्रतिगाँठ रू १० का दरले धरौटी र प्रतिलाइसेन्सको लाइसेन्स फी रु. ५० का दरले बुझाई सदरका र जिल्लाका समेतले आगामी २००६ साल पौष ३० गते यस विभागमा हाजिर भई चाहिने कबूलियत गरी लाइसेन्स बुझी लिन आउनुहोला। सदरकाले लेखिएको म्यादमा आउनुभएन भने पछि पाउनुहुनेछैन। तपाइँहरूले लिन मन्जूर नगरेको भन्ने सम्झी लाइसेन्स रद्दी गरी अरूका साथ बन्दोबस्त भई जानेछ। जिल्लाको सो म्याद पछि जिल्ला गोस्वारामा जानेछ जिल्ला गोस्वाराले दिएको म्यादभित्र जिल्ला गोस्वारामै लिन जानुपर्छ। जिल्लाकाले पनि पाएको म्यादमा लाइसेन्स लिन गएन भने पछि पाउनेछैन।

तपसील

| इम्पोर्टरको नाम | इलाका | धागो गाँठ |
|---|---|---|
| जगदीशप्रसाद अग्रवाल विराटनगर | बिराटनगर | ३७ |
| ज्ञानबहादुर श्रेष्ठ धरान | ऐ | ३ |
| लादुराम धुरीमल धरान | धरान | ३७ |
| नेमचन पारक विराटनगर | विराटनगर | ३८ |
| कालुराम अग्रवाल ऐ | धनकुटा | ३७ |

302

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| गजबहादुर कटुवाल क्षत्री | झापा इलाम | ३८ |
| मोतिलाल अग्रवाल विराटनगर | विराटनगर | ३७ |
| रामेश्वरलाल कल्याणमल्ल | धरान | ३८ |
| सुरेशप्रसाद जौनपुरी | महोत्तरी | १०० |
| मखनलाल परमेश्वर ।प्रसाद | जनकपुर | १०० |
| कृष्णदास हरिदास मजीपात | काठमाडौं | १०० |
| हनुमानप्रसाद मंगलचन | ऐ | १०० |
| माधवलाल उत्तमलाल | ऐ | १०० |
| रामराजध्वज जोशी वीरगञ्ज | वारापर्सा | ५० |
| केशरदेव अग्रवाल | ऐ | ५० |
| मोहनलाल माडवाडी | गौर रौतहट | ५० |
| लक्ष्मीप्रसाद सेरचन बुटौलबजार | बुटौल | १५० |
| केदारनाथ श्रीवास्तव | ऐ | ५० |
| शिवरत्नराम भगवानदास | ऐ | १५० |
| सन्तमान श्रेष्ठ | गोरखा | १०० |
| ना. सु. विष्णुलाल श्रेष्ठ | वन्दीपुर | १०० |
| तीर्थलाल प्रधान | पोखरा | ४० |
| श्यामप्रसाद कर्माचार्य | ऐ | ३० |
| चिरञ्जीवीलाल सूर्यलाल नेपालगञ्ज | नेपालगञ्ज | १०० |
| हेमराज शर्मा | प्युठान | ८८ |
| जानकीलाल गुप्त | पश्चिम इलाका | १०० |

डाइरेक्टर ,

सिभिल सप्लाइजविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।